# थरक नेपाली (गोर्खा) समुदायको भव्य दशैं उत्सव

शेरबहादुर ईङ्नाम

अक्टाबर ३/आज भन्दा दुई अढाई बर्ष पहिले मात्र यस एसिक्सको ग्रेज भन्ने ठाउँमा आउन सुरू गरेका भूपू गोर्खाहरूको संख्या फुल्दो फक्रँदो छ। डेढ दुई वर्ष पहिले उपयुक्त भएको पार्टीहलमा नअटाएर ठूलो हलको खोजिमा भौतारिँदै बाहिर उछिट्टिएर सेन्ट-मेरी चाडवेल भन्ने माथिल्लो गाउँको हलमा दशैं मनाउन पुगेको थियो। अक्टोबर ९ मा टीका, ३ तारिख शुक्रबार नै पार्टी गर्नुको कारण पनि उपयुक्त हलको खोजी नै थियो। जे-जसरि भए पनि २०६५ को बडादशैंको कार्यक्रम रमझमकासाथ सम्पन्न भयो। कार्यक्रमको सुरु संस्थाका महासचिव नेत्र खजुमले गर्नु भएको थियो साथै स्वागत र शुभ-कामना संस्था अध्यक्ष धर्मविक्रम सुनुवारले। बीचको उद्घोषण कार्य उद्घोषिका मञ्जु पालुङवाले बडो शानदारसाथ सञ्चालन गर्नु भएको थियो। उद्घोषणको औपचारिक तालिम लिई सक्नु भएकी, काठमाण्डौमा आधा दर्जन भन्दा बढी कार्यक्रममा उद्घोषण गरिसक्नु भएकी एक सक्षम चेलीलाई आफ्नै समुदायमा पाएकोमा संस्थाले पनि गर्व गर्न पाएको छ।

उत्सवमा अतिथिहरू एम पी अन्ड्र्यु मेकेन्ली, ब्रिटिश लिजनबाट रिचर्ड प्राइस, जोन को-वेल्च र किथ होरोबिन, स्थानीय पुलिस विभागबाट उच्च दर्जा अफिसर टेस विस्वी र थरक एसियन एशोसिएशनबाट होनाहार सहयोगी लुज टाकोन, थरक गजेट सम्पादक नील स्पेइट उपस्थित हुनुहुन्थ्यो। एम पी मेकेन्ली मञ्चबाट बोल्दै "हालसालै हाईकोटले गरेको गोर्खाली विजय निर्णयको हर्ष विभोरकासाथ स्वागत गर्दछु" भन्नु भयो। वहाँले अक्टोबर ३ को स्थानीय पत्रिका थरक गजेटको पृष्ठ ३० मा पनि सो कुरो छपाई व्यापक बनाइ दिनु भएको छ। बातचितमा अतिथिले भर्खरै घटेको स्थानीय युवा नेपाली-गोरा बीचको झगडाप्रति सहानुभूति र नैतिक सहयोगको कुरा गर्नु भएको थियो। उक्त घटनाले सर्वजातीय भाइचारा स्थापना गर्नको लागि पहिचानका कार्यक्रम पहिले भन्दा अझ तीव्र र बराबर गर्न पर्ने महसुस यस संस्थालाई भएको छ।

यसैगरी दशैं कार्यक्रमको अतिरिक्त विविध कार्यक्रमहरू जस्तै गत जुलाई २६ मा स्थानीय बरो काउन्सिल र ट्रष्ट नामक संस्था मिलेर गरेको थरक फेष्टिबल कार्यक्रममा सहभागि भई आफ्नो पहिचानलाई नृत्य र नेपाली शिल्पकलाको प्रर्दशनीद्वारा अगाडि सारेको थियो भने भर्खरै पनि अक्टोबर १ र २ तारिखमा नेपाली सर-सामग्री प्रदर्शनीको दुई दिने कार्यक्रम (स्थानीय हल थेमसाइड थिएटर) ग्रेजमा गरिएको थियो। सो दुई दिने कार्यक्रम स्थानीय नेपाली युवा समूहका अध्यक्ष मानबहादुर (बान्तावा) राईको कार्य कुशलतामा भएको थियो। उक्त कार्यमा भीमदल राई, प्रेम थुलुङ, राम राईको पनि उल्लेखनीय सहयोग थियो भने मञ्जू पालुङवा सहभागी भएकोमा अध्यक्ष बान्तावाले सराहना गर्नु भएको थियो। संस्थाका अध्यक्ष धर्म विक्रम सुनुवारद्वारा खाजा-नास्ताको व्यबस्थाले प्रदर्शनीको पट्टाइ मेटाएको थियो।

यस दशैं उत्सवमा स्थानीय समुदायकै नृत्य कलाकाररू काजल राई, कौशिला गुरुङ, अलिजा राई, प्रजिना श्रेष्ठ, सेलिका राई, सोनिमा हाङस्रङ, रोजीना राई, जोस्ना खापुङ साथै अन्य थुप्रै कलाकारहरूले नाच प्रदर्शन गरी उपस्थित सबैलाई मनोरञ्जन गराएका थिए भने युवा गीत-संगीतकारहरू अन्जित राई, रकम ईमेहाङ, आवास राई, सागर ईस्बो, विसन लिम्बू आदिले आफ्नो कला प्रदर्शन गरेर मनोरञ्जन गराउन सफल भएका थिए। "आजको कार्यक्रममा अंग्रेजी पप गीत पनि छ, भान्जा ?" भनि एक टीकाकारले प्रश्न गर्दा, "नेपालीको कार्यक्रममा पनि के-को अंग्रेजी गीत, मामा !" भन्दै युवा गायक स्वीकार खजुमले उत्तर दिएको सुन्दा आफ्नो संस्कृतिको महत्व र प्राथमिकता युवा समूहले बुझि सकेको पाउँदा संस्कृतिप्रेमीहरू प्रफुल्ल भएका थिए। यी सबै नाचगान कार्यक्रमको तयारी सास्कृतिक सचिव अन्जना राईको बेजोड सक्रियतामा भएको थियो।

संस्थाका वेबसाइट सन्चालक किशोर राईको अनुपस्थितिमा मनोरञ्जन र आरामको पर्वाह नगरी राम (रामेश्वर) राईले वेबसाइटको लागि क्यामेरामेनको काम गर्नु भएको थियो।

कार्यक्रमको अन्त्यमा अध्यक्ष धर्मविक्रम सुनुवारले यस दशैं कर्यक्रम सफल पार्न खट्नु भएका उपाध्यक्ष सन्तोषी हाङ्सरुम्बा, कोषाध्यक्ष गम्भीर तुम्बाहाङ्फे, सामाजिक सचिव युवराज ईस्बो, खेलकुद सचिव रामजी राई, खान-पान सदस्य वीरबहादुर तामाङ, सांस्कृतिक सचिव अन्जना राई, सहसचिव याम साँबाहाङ, सह कोषाध्यक्ष युवराज गुरुङ, समिति सदस्य दालचन जिमी, गोपिराम लिम्बू, दूर्गा चोङ्बाङ्क्याक् साथै अन्य भद्र सहयोगिहरू प्रेम राई, झमक ईमेहाङ, मनि राई, राजकुमार कर्मोचा, दीपक तुम्बापो, लक्ष्मी लिबाङ, युवा दीपेन राई सबैलाई धन्यबाद दिनु भयो।

# विजया दशमीको टीका उलवीचको हिन्दू मन्दिरमा

ग्रीनवीच/ यस बर्षको विजया दशमीको दिनमा सामुहिकरुपमा टिका लगाउनको लागि उलवीच हिन्दु मन्दिरमा व्यवस्था मिलाइएको समाचार प्राप्त भएको छ। नेपाल फोरम यूके, नेपाली हिन्दु मन्दिर समिति, नेपाली साँस्कृतिक संघ यूके, नेपाली यूथ पीस फोरम यूके र साउथ इस्ट यचयसयमपी फोरम यूकेको संयूक्त पहलमा हुने उक्त टीका कार्यक्रममा पण्डित निलहरि घिमिरेले टिका जमरा लगाइदिने कार्यक्रम रहेको कुरा नेपाल फोरम यूकेका अध्यक्ष रामकुमार अधिकारीले जानकारी दिनु भएको छ।

उक्त टीका तथा जमरा प्रदान गर्ने कार्यक्रम बिहान ११:१५ देखि दिनको ३ बजेसम्म हुने पनि अधिकारीले जानकारी दिनु भएको छ। सो कार्यक्रममा उपस्थित भई आफ्नो संस्कार एवं संस्कृतिको लागि योगदान पुऱ्याउन पनि अधिकारीले सबैमा अनुरोध गर्नु भएको छ।

# सयपत्री सांस्कृतिक समूहको दशैं कार्यक्रम

सयपत्री सांस्कृतिक समुह, यूकेको दशैं कार्यक्रमको प्रस्तुति "गोर्खा कम्पनी मन्डले (वेल्स) को आयोजनामा ७ अक्टोवर कालरात्री तथा महाअष्टमिका दिन, डेरिङ्ग लेन, व्रेकन मा हुने भएको छ। उक्त कार्यक्रममा गोर्खा कम्पनी अन्तरगत विशिष्ट पाहुनाहरु तथा गोर्खाज परिवारहरुको उपस्थिति रहने कुरा सयपत्री साँस्कृतिक समुहका संयोजक धनकाजी सरगमले वताउनु भयो।

संयोजक सरगमले आफ्नो साँस्कृतिक समुहको तर्फवाट सम्पूर्ण बेलायतबासी नेपालीहरुमा बिजया दशमी तथा दिपावली २०६५ सालको शुभ कामना व्यक्त गर्दै, आफ्नो साँस्कृतिक अभियान भनेको नेपाली कला र संस्कृतिको जगेर्ना गर्दै हाम्रो देश लोकतान्त्रिक नेपालको पहिचान विश्वमा छरिएर रहेका हरेक नेपाली तथा विदेशी हरुमा गराउनु रहेको बताउनु भयो। वहाँले सो कार्यक्रममा दशैं सम्वन्धी गीत तथा नृत्यहरु र नेपालको पुर्वदेखि पश्चिमसम्मका लोक संस्कृति झल्किने खालका सांगीतिक प्रस्तुति रहने कुरा जनाउनु भएको छ।

# रामचन्द्र पौडेल उम्मेदवारी दिने

काठमाडौँ। नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले आफू पार्टी संसदीय दलको नेताका लागि उम्मेदवार बन्ने घोषणा गर्नु भएको छ। रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको एक कार्यक्रममा बोल्दै उहाँले दशैं सकिनासाथ हुने संसदीय दलको नेताको चुनावमा उम्मेदवारी दिने र जित्ने दाबी पनि गर्नुभएको।

संसदीय दलको विधान मस्यौदा तयार भइसकेको र दशैंलगत्तै पारित गरी चुनाव हुने पनि वहाँले बताउनुभयो। शेरबहादुर देउवालाई संसदीय दलको चुनावमा पराजित गर्नसक्नुहुन्छ भन्ने प्रश्नमा उहाँले म देउवाजीलाई संसदीय दलको चुनावमा पछार्न सक्षम भएको पनि बताउनु भयो।

# टिकाअगाडि नै वार्ता

काठमाडौं। तराईका सशस्त्र समूहसंग वार्ता गर्न गठित सरकारी वार्ता टोलीका संयोजक जनार्दन शर्मा प्रभाकरले तराईका सशस्त्र समूहसँग २/३ दिन भित्रै वार्ता गर्ने गृहकार्य भइरहेको जानकारी दिनुभएको छ। उहाँले वार्ताका लागी सम्पर्क सुत्र मार्फत उनीहरु पनि इच्छुक भएको जानकारी सरकारलाई प्राप्त भएको पनि जानकारी दिनुभएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहालसँग वार्ता प्रक्रियाका बारेमा छलफल गर्न वार्ता टोलीका संयोजक तथा शान्तिमन्त्री प्रभाकर बालुवाटार पुग्नुभएको थियो।

# फक्स्टोन नेपलिज कम्युनिटीको दशैं पार्टी

सुहिम याक्थुङ, केन्टबाट

केण्ट/ गत ४ सेप्टम्बरको दिन फक्स्टोन नेपलिज कम्युनिटीको दशैं पार्टी सर्नल्किफमा भव्यताको साथ सम्पन्न भयो। हिन्दुहरुको महान चाड दशैंको पार्टीमा वेलायतको आगामी संसदीय निर्वाचनको लागि मेडस्टोनबाट लिवरल डेमोक्रेटका उम्मेदवार तथा सिपवे डिस्ट्रिक काउन्सिलर पिटर क्यारोल लगायत फक्स्टोन काउन्सिलका १४ जना काउन्सिलरहरुको उपस्थिति रहेको थियो। झण्डै ४ सयको उपस्थिति रहेको उक्त पार्टीलाई कम्युनिटीका अध्यक्ष गोपाल गिरीले स्वागत गर्नुभएको थियो भने काउन्सिलर धन गुरुङले गोर्खालीहरुको संख्या बढेकोले गोरखा कम्युनिटी सेन्टर अझ ठूलो र नयाँ भवन बनाउनु पर्ने प्रस्ताव राख्नु भयो।

नेपालका आदिवासी जनजाति समुदायको बाहूल्य रहेको पार्टीमा धार्मिक सहिष्णुताको लागि दशैंलाई भव्य मनाएको कुरा गैर हिन्दुधर्मावलम्विहरुले बताएका छन्। स्मरणरहोस् गोर्खाली पल्टनमा ब्राम्हण पण्डित लगायत लामा, किराँत गुरुहरु ल्याइसकिएको र केही ल्याउनेक्रममा छन्। पल्टनमा अहिले विगतको तुलनामा दशैंको रौनक प्रत्यक बर्ष घट्दै गएको छ। फक्स्टोन निवासी रमेश तामाङले १४ बर्ष अघिदेखि दशैंमा टिका लगाउन छाडिसकेको कुरा बताएका छन्। त्यस्तैगरी यसबर्ष काउन्सिलर धन गुरुङले पनि दशैंको टिका नलगाउने बताउनु भएको छ। किरात याक्थुङ चुम्लुङ वेलायतका सचिव विजयबिक्रम लिङदेनले दशैं बहिष्कारको अभियान जारी रहेको कुरा बताउनु भएको छ। जनजाति समुदायमा टिका लगाउने चलन घट्दै गए पनि आपसमा धार्मिक सहिष्णुता र सद्भाव बचाउन यथासम्भव दशैं मनाइरहेको कुरा धेरै जन जातिहरुले बताएका छन्।

मुख्य अथितिको रुपमा बोल्दै काउन्सिलर क्यारोलले भर्खरै गोर्खालीको पक्षमा भएको

...बाँकी एघारौं पातामा

# पिटरबरोमा दशैं कार्यक्रम

अक्टोबर ५/ पिटरबरो र आसपासमा बस्ने नेपालीहरुले वडा दशैं २०६५ को उपलक्ष्यमा एक कार्यक्रमको आयोजना गरी दशैं भव्यरुपमा मनाएका छन्। पिटरबरोको वेस्टउडस्थित हलमा गत आइतबार भएको उक्त कार्यक्रममा ग्र्याण्डथाम, स्पाल्डिङ र लण्डनबाट पनि नेपाली परिवारहरुको जमघट भएको थियो।

पिटरबरो नेपाली समाजले आयोजना गरेको सो दशैं कार्यक्रममा सुष्मा धिताल, इमिला अधिकारी, सुष्मिता धिताल, समु कटुवाल, शान्ति पाण्डे, ऋतु बेलबासे, मेघा खड्का, समिक्षा कोइराला, शिपा न्यौपाने, सन्तोष पाण्डे, प्रगति पाण्डे, शिशिर पौडेल आदि स्थानीय कलाकारहरुले एकल तथा सामुहिक नृत्य प्रस्तुत गर्नु भएको थियो।

यसैगरी गायक कलाकार सुमिर ज्ञवाली, नृपेश उप्रेती, आषिश पौडेलले गीत प्रस्तुत गर्नु भएको थियो। भरत पाण्डेले मुक्तक वाचन गरेर कार्यक्रममा रौनक थप गर्नु भएको थियो।

कार्यक्रममा संस्थाका महासचिव केशव भण्डारीले उपस्थित सम्पूर्ण महानुभावहरुको समाजको तर्फबाट स्वागत गर्नु भएको थियो। यती एशोसिएसनका उपाध्यक्ष कमल भण्डारीले दशैंको शुभकामना मन्तव्य दिनु भएको थियो। पिटरबरो नेपाली समाजका अध्यक्ष किरणकुमार कार्कीले समाजको तर्फबाट सबैलाई दशैंको शुभकामना प्रदान गर्नु हुँदै उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिनु भएको थियो। कार्यक्रमा राति ११:३० बजे समापन गरिएको थियो।

# रेडिङगोर्खाकोदशैंकार्यक्रमवाटरहाउसमा

ओमेन्द्र गुरुङ, रेडिङबाट

रेडिङ एक्स बृटिश गोर्खा एसोसिएसनले यही ४ अक्टोबरका दिन क्यूम्वरल्याण्ड रोडको वाटर हाउसमा यस बर्षको दशैं कार्यक्रम भव्यताकासाथ मनायो।

करीव ५००को उपस्थिति रहेको यस दशैं कार्यक्रममा गत हप्ता बेलायती उच्च अदालतले गोर्खाको सवालमा दिएको निर्णयले पनि सहभागीहरुमा बिशेष उत्साह देखिएको थियो।

कार्यक्रम सो संस्थाका अध्यक्ष राम गलामीले मन्तव्य दिनु भए पछि सुरु भएको थियो। कार्यक्रम सञ्चालन ढकबहादुर गुरुङले गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि पूर्व प्रम शेरबहादुर देउवाले शुभकामना मन्तव्य दिनु भएको थियो। त्यस्तैगरी शुभकामना प्रदान गर्ने क्रममा गेसोका अध्यक्ष पदमबहादुर गुरुङले र यूबीजियनको तर्फबाट ज्ञानराज राईले पनि बोल्नु भएको थियो।

कार्यक्रममा भाञ्जाहरुको खुकुरी डान्स र भाञ्जीहरुको रोमाञ्चक नृत्यले सम्पूर्ण दर्शकहरुको ध्यान आकृष्ट गर्न सफल भएको थियो। अन्त्यमा प्रेम गुरुङको डीजेले कार्यक्रममा सबैलाई नचाएर रमाइलोमा कार्यक्रम समापन भयो।


## हार्दिक बधाई



यती नेपाली एशोसिएसनको भर्खरै सम्पन्न निर्वाचनमा अध्यक्ष पदमा विजयी हुनु भएका चिरञ्जीवि ढकाल लगायत सम्पूर्ण नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्दै वहाँहरुको कार्यकालको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

सुरेश गौतम
संयोजक
नेपाली समाज यूके
सम्मेलन तयारी समिति



यदि तपाई मोर्गेजको वा रिमोर्गेजको खोजिमा हुनुहुन्छ भने Michael Usher Mortgage Services लाई सहयोग गर्ने मौका दिनुहोस। तपाईको अवस्था र परिस्थितिसंग मिल्दो लगानीकर्ता रोज्ने अवसर हामीले जुटाई दिन सक्छौं।

Michael Usher Mortgage Services Ltd
88 High Street Frimley surrey, GU16 7JE
01276 670777 www.mumsltd.co.uk

सम्पर्क समय : सोमबार-शुक्रबार, बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म, शनिबार बिहान ९ बजेदेखि ४ बजेसम्म

तपाईको भरपर्दो | MICHAEL USHER MUMS MORTGAGE SERVICES | सल्लाहकार लागि

माईकल उसर मोर्टगेज सेवा लीमीटेड तपाईलाई एक नेपाली बोल्ने सल्लाहकार उपलब्ध गराउन प्रयत्न गर्दछ, तथापी हामी यसको ग्यारण्टी गर्न असमर्थ छौ। यस प्रवर्धनको जवाफ दिएर तपांईले भावी सबै लिखित पत्राचार र कागजातहरु अंग्रेजीमा उपलब्ध गराईने कुरामा सहमति जनाउनु भएको छ।

माईकल उसर मोर्टगेज सेवा लीमीटेड, पर्सनल टच आर्थिक सेवा लीमीटेड को एक नियुक्त प्रतिनिधि हो जुन आर्थीक सेवा अख्तियार समितिद्वारा अधिकार प्राप्त एवं नियन्त्रित छ।

आर्थिक सेवा अख्तियार समिति ले दोस्रो मोर्टगेज नियन्त्रण गर्दैन।

निःशुल्क परामर्श

यदि तपाईले आफ्नो मोर्टगेज तोकिएको समयमा भुक्तानी गर्न सक्नुभएन भने तपाईको घरको स्वामित्व गुम्न सक्नेछ।

हामी सामान्यतया मोर्टगेज सम्बन्धी सल्लाहको लागि कुनै शुल्क लीदैनौ, तैपनि यो तपांईको स्थिति मा नीर्भर रहनेछ। यदि शुल्क लीनु पर्ने भएमा हाम्रो खास शुल्क २९५ पाउण्ड हो।

MUMS endeavours to provide you with a Nepalese speaking advisor, however we are unable to guarantee this. By responding to this advert you accept that ALL future written correspondence and documentation will be provided in English.

We do not normally charge a fee for mortgage advice, however this will be dependent on your circumstances. If a fee is charged our typical fee is £295.00

Your home may be repossessed if you do not keep up repayments on your mortgage.

Michael Usher Mortgage Services Ltd is an Appointed Representative of Personal Touch Financial Services Ltd which is authorised and regulated by the Financial Services Authority (FSA). Limited Company registered in England No 4156383



QUEENSLAND COLLEGE LONDON

बिजया दशमी २०६५ को सुखद अवसरमा देश तथा विदेशमा भएका सम्पूर्ण नेपाली दाजु-भाइ, दिदी-बहिनीहरुमा सुख: शान्ति तथा संमृद्धिको लागि हार्दिक मंगलमय शुभ-कामना



Contact our Admission Hotline on
0208993 4500- London
01189569111 - Reading
Or Visit our website: www.qcol.co.uk
Email: info@qcol.co.uk

London Campus New Address: 3 The Mount, Acton, W3 9NW (situated between Barclays and St Mary's Church)



The Independent Mortgage Consultancy

- बेलायतका नेपाली समुदाय तथा गोर्खा सैनिकहरूका लागि आवश्यक मोर्गेज तथा री-मोर्गेज बारे सहयोग गर्नमा हामी दक्ष छौं,
- तपाईले आफ्नो मोर्गेज किस्ता बुझाउन नसके तपाईको घर फिर्ता पनि हुन सक्छ।

Earn money from your remortgage, receive Pound 100 on completion quoting this advert.

सम्पर्क गर्नुहोस लिखित विवरण उपलब्ध गराउने छौं।

For further advice please contact :
DANIEL PRATAP
01344 204310
Mobile: 07941 192 451
The Independent Mortgage Consultancy Ltd
Summit House, London Road, Bracknell, Berks, RG12 2AQ
Web: www.nepalimortgage.co.uk Fax : 01344 707440

is an appointed representative of Personal Touch Insurance Ltd who are authorised & regulated by The Financial Services Authority.